नेपाल सरकार
# रक्षा मन्त्रालय

फोन नं.: ४२११२८९, ४२११२८७, ४२११४८७, ४२११२९०, ४२११०९५, ४२११६५३, ४२११२८५, ४२११२९६, ४२०००४४
फ्याक्स नं.: ४२११२९४
सिंहदरवार, काठमाडौं, नेपाल

नेपाल सरकार
रक्षा मन्त्रालय
सिंहदरबार

## प्रेस विज्ञप्ति

नेपाली सेनाका विभिन्न विभाग, महानिर्देशनालय, निर्देशनालयका प्रमुखहरूका साथै पृतनापतिहरूको सहभागितामा नियमित अर्धवार्षिक रूपमा सञ्चालन हुने पृतनापति समन्वयात्मक बैठक-२०८३ को शुभारम्भ भएको छ। प्रधान सेनापति महारथी अशोक राज सिग्देल, रक्षा सचिव इन्दु घिमिरे, रथीवृन्द, रक्षा मन्त्रालय तथा नेपाली सेनाका अधिकृतहरूको उपस्थितिमा आयोजित उक्त कार्यक्रममा बलाधिकृत रथी प्रदिप जंग के.सी.ले स्वागत मन्तव्य राख्नु भएको थियो।

बैठकमा नेपाली सेनाका विभिन्न विभाग, महानिर्देशनालय, निर्देशनालय तथा पृतनाहरूबाट आ-आफ्नो क्षेत्रगत जिम्मेवारीको वस्तुस्थिति, सम्पादित कार्यहरूको समीक्षा, कार्यसम्पादनको क्रममा देखिएका चुनौती, भावी कार्यदिशा तथा सुधारका लागि सुझावहरू प्रस्तुत हुने कार्यक्रम रहेको छ। साथै, उक्त बैठकमा विपद् प्रतिकार्य लगायत विभिन्न समसामयिक विषयमा समेत छलफल हुने कार्यक्रम रहेको छ।

बाबुराम भण्डारी
सह-सचिव/ प्रवक्ता

सिंहदरबार, काठमाण्डौं
२०८३/०६/१५
नेपाल संवत् ११४६